## Service Mode

- **Full-time service**
  - Attend DEs / DCUs for 4 days or more in a week (suitable for elderly persons with low self-care ability and lacking the care of carers during daytime).
- **Part-time service**
  - Attend DEs / DCUs for less than 4 days in a week (suitable for elderly persons with higher self-care ability and having carers to provide them with partial care during daytime).
- **Day respite service**
  - Provide short-term or temporary day care service to frail elderly persons to allow carers to take rest in times of need, so as to enable them to continue with their carers' duties.
  - Users of day respite service do not need to be assessed under the Standardised Care Need Assessment Mechanism for Elderly Services. Elderly persons or their carers can approach DEs / DCUs direct for enquiry and application. Applicants may also request referrals through Integrated Family Service Centres / Integrated Services Centres, Medical Social Services Units, District Elderly Community Centres and Neighbourhood Elderly Centres.

## सञ्चालन समय

सोमवारदेखि शनिवार, बिहान 8:00 बजेदेखि साँझ 6:00 बजेसम्म (प्रत्येक केन्द्र / एकाइहरूले थप समयका लागि सेवा प्रदान गर्दछन्)।

## Operating Hours

8:00 a.m. to 6:00 p.m. from Mondays to Saturdays (Individual centres / units provide extended hours service).

## शुल्कहरू

शुल्कहरू मासिक वा दैनिक आधारमा लिइन्छ र वार्षिक रूपमा संशोधन गर्न सकिन्छ।

## Fees

Fees are charged on a monthly or daily basis, and may be revised annually.





## सोधपूछ

- इन्टीग्रेटेड फ्यामिली सर्विस सेन्टर्स / इन्टीग्रेटेड सर्विस सेन्टर्स
- मेडिकल सोसल सर्विसेस युनिट्स
- डिस्ट्रिक्ट एल्डर्ली कम्युनिटी सेन्टर्स / नेवरहुड एल्डर्ली सेन्टर्स
- SWD हटलाइन: 2343 2255
- सोधपूछका लागि सबै DEs / DCUs को टेलिफोन नम्बर र ठेगाना www.swd.gov.hk मा गई SWD गृहपृष्ठबाट डाउनलोड गर्न सकिन्छ।

## Enquiry

- Integrated Family Service Centres / Integrated Services Centres
- Medical Social Services Units
- District Elderly Community Centres / Neighbourhood Elderly Centres
- SWD hotline: 2343 2255
- Enquiry telephone numbers and addresses of all DEs / DCUs can be downloaded from the SWD homepage at www.swd.gov.hk


सामाजिक कल्याण विभाग
वृद्ध शाखा
डिसेम्बर 2021

Social Welfare Department
Elderly Branch
December 2021



社會福利署
Social Welfare Department




# केन्द्रमा आधारित सामुदायिक स्याहार सेवाहरू

# Centre-based Community Care Services

# वृद्ध उमेरका व्यक्तिका लागि दिवा स्याहार केन्द्रहरू / एकाइहरू

# Day Care Centres / Units for the Elderly

(Nepali Version)

# वृद्ध उमेरका व्यक्तिका लागि दिवा स्याहार केन्द्रहरू / एकाइहरू

Day Care Centres / Units for the Elderly (DEs / DCUs) ले समुदायमा बस्ने 60 वा सोभन्दा बढी उमेरका र डिमेन्सियाबाट पीडित भएका व्यक्तिलगायत Standardised Care Need Assessment Mechanism for Elderly Services (वृद्ध सेवाहरूका लागि मानकीकृत स्याहार आवश्यकता मूल्याङ्कन संयन्त्र) अन्तर्गत सामुदायिक स्याहार सेवाहरू वा आवासीय स्याहार सेवाहरूका लागि मूल्याङ्कन र सिफारिस गरिएका कमजोर वृद्ध व्यक्तिहरूलाई दिवा स्याहार, पुनर्सुधारका व्यायामहरू र सामाजिक क्रियाकलापहरू जस्ता केन्द्रमा आधारित सामुदायिक स्याहार सेवाहरू प्रदान गर्छन्। यी सेवाहरूले सेवा प्रयोगकर्ताहरूलाई कार्यपद्धतिको सर्वोत्कृष्ट स्तर कायम राख्न, परिचित समुदायमा आफ्नो जीवन र उमेरको गुणस्तर सुधार्नमा मद्दत गर्ने लक्ष्य राख्छन्। तिनीहरूले स्याहारकर्ताहरूलाई विभिन्न सहयोग र सहायता पनि प्रदान गर्छन्।

Day Care Centres / Units for the Elderly (DEs / DCUs) provide centre-based community care services, such as day time care, rehabilitation exercises and social activities, to frail elderly persons aged 60 or above living in the community and who are assessed and recommended for Community Care Services or Residential Care Services under the Standardised Care Need Assessment Mechanism for Elderly Services, including those suffering from dementia. The services aim at helping service users maintain an optimal level of functioning, improve their quality of life and age in place in a familiar community. They also provide various kinds of support and assistance to carers.







## लक्षित समूहहरू

- **वृद्ध व्यक्तिहरू**
  - समुदायमा बस्ने र संस्थागत सेवा प्राप्त नगर्ने 60 वा सोभन्दा बढी उमेर पुगेका;
  - Standardised Care Need Assessment Mechanism for Elderly Services अन्तर्गत सामुदायिक स्याहार सेवाहरू वा आवासीय स्याहार सेवाहरूका लागि मूल्याङ्कन र सिफारिस गरिएका र दिवा स्याहार सेवाहरूका लागि उपयुक्त भएका; र
  - जसका स्याहारकर्ताहरू पूर्णकालिक स्याहार प्रदान गर्न असमर्थ छन्।
- **Day Care Centres / Units for the Elderly मा उपस्थित हुने व्यक्तिहरूका स्याहारकर्ताहरू**

## Target Groups

- **Elderly persons**
  - Aged 60 or above living in the community and not receiving institutional service;
  - Assessed and recommended for Community Care Services or Residential Care Services under the Standardised Care Need Assessment Mechanism for Elderly Services and suitable for day care services; and
  - Whose carers are unable to provide full-time care.
- **Carers of the attendees of Day Care Centres / Units for the Elderly**

## सेवा क्षेत्र

- व्यक्तिगत स्याहार
- नर्सिङ स्याहार
- पुनर्सुधारका व्यायामहरू
- खानाको सेवा
- स्वास्थ्य शिक्षा
- सामाजिक र मनोरञ्जनात्मक क्रियाकलापहरू
- स्याहारकर्ता समर्थन सेवाहरू
- परामर्श तथा सिफारिस सेवाहरू

## Scope of Services

- Personal care
- Nursing care
- Rehabilitation exercises
- Meal service
- Health education
- Social and recreational activities
- Carer support services
- Counselling and referral services

## सेवा मोड

- **पूर्णकालिक सेवा**
  - हप्तामा 4 दिन वा सोभन्दा बढी समयका लागि DEs / DCUs मा उपस्थित हुने (स्वयं-स्याहार क्षमता कम भएका र दिनको समयमा स्याहारकर्ताहरूको स्याहारको अभाव भएका वृद्ध व्यक्तिहरूका लागि उपयुक्त हुन्छ)।
- **अंशकालिक सेवा**
  - हप्तामा 4 दिनभन्दा कम समयका लागि DEs / DCUs मा उपस्थित हुने (स्वयं-स्याहार क्षमता बढी भएका र दिनको समयमा स्याहारकर्ताहरूबाट आंशिक समय स्याहार प्राप्त गर्ने वृद्ध व्यक्तिहरूका लागि उपयुक्त हुन्छ)।
- **दिवा विश्राम सेवा**
  - स्याहारकर्ताहरूलाई आफ्ना कर्तव्यहरू जारी राख्न सक्षम बनाउनका लागि आवश्यक पर्दा विश्राम गर्ने समय दिनका लागि कमजोर वृद्ध व्यक्तिहरूलाई अल्पकालिक वा अस्थायी दिवा स्याहार सेवा प्रदान गर्ने।
  - दिवा विश्राम सेवाका प्रयोगकर्ताहरूलाई Standardised Care Need Assessment Mechanism for Elderly Services अन्तर्गत मूल्याङ्कन गर्नुपर्दैन। वृद्ध व्यक्ति वा उहाँहरूका स्याहारकर्ताहरूले सोधपुछ वा आवेदनका लागि सिधै DEs / DCUs मा सम्पर्क गर्न सक्नुहुन्छ। आवेदकहरूले इन्टीग्रेटेड फ्यामिली सर्विस सेन्टर्स / इन्टीग्रेटेड सर्विस सेन्टर्स, मेडिकल सोसल सर्विसेस युनिट्स, डिस्ट्रिक्ट एल्डर्ली कम्युनिटी सेन्टर्स / नेवरहुड एल्डर्ली सेन्टर्समार्फत पनि सिफारिसहरू अनुरोध गर्न सक्नुहुन्छ।

# Day Care Centres / Units for the Elderly